# मधेस विद्रोहमा सिरहा-सप्तरी

रामरिझन यादव

## मधेसी राजनीतिका उद्‌गम स्थल

अहिले सिरहा र सप्तरीमा मधेसी सवालको चर्चा पहिलेभन्दा धेरै सघन छ। यद्यपि मधेस र मधेसीहरूको सैद्धान्तिक तथा वैचारिक अवधारणाको विकास धेरै पहिले यिनै दुई जिल्लाबाट भएको पाइन्छ। अर्थात् वैचारिक देष्टिकोणबाट यही दुई जिल्लाले सिङ्गो मधेसलाई नेतृत्व प्रदान गरेको देखिन्छ। २०१८ साल पूर्व त सिरहा र सप्तरी एउटै जिल्ला थियो, र सप्तरी भनिन्थ्यो। त्यही ताका नेपाल तराई काँग्रेसको जन्म भएको थियो। हाल सिरहा जिल्लामा पर्ने देउरीपट्टि निवासी कुलानन्द झा, वेदानन्द झा र औरहीका बलदेवदास यादवले सो पार्टीको नेतृत्व गरेका थिए। तर त्योभन्दा धेरै पहिले जहानियाँ राणा शासनको अन्त्यका लागि मात्र होइन, अपितु राणाहरूलाई संरक्षण प्रदान गर्दै आएका ब्रिटिस-भारतको विरूद्ध

---

यो लेख २०६४ वैशाख २९ गते सिर्जना सामुदायिक पुस्तकालय (सिरहा), डोम उत्थान समाज (सप्तरी) र मार्टिन चौतारी (काठमाडौँ) ले लहानमा आयोजना गरेको कार्यक्रममा प्रस्तुत दुई बेग्लाबेग्लै कार्यपत्रको उपज हो। मिना ठाकुर र ब्रह्मदेव मण्डलबाट प्राप्त टिप्पणी एवं त्यहाँ उपस्थित सहभागीहरूको सुझाव/आलोचनाले यसलाई पठनीय बनाएको छ। उहाँहरू सबैप्रति म कृतज्ञ छु। साथै मार्टिन चौतारीप्रति विशेष आभारी छु जसको आर्थिक सहयोगमा यो कार्य सम्भव भयो। भास्कर गौतमबाट प्राप्त सल्लाह/सुझाव एवं सम्पादकीय सहयोग सह्रानीय रह्यो।

समेत सप्तरीले निर्वाह गरेको दायित्व गौरवपूर्ण छ। मधेसीहरूको हकहितको सवाललाई राजनीतिक आकार दिने पहिलो जिल्ला पनि सप्तरी नै हो । प्रजातन्त्रको प्रादुर्भावसँगै सप्तरी र सिरहा दुवै जिल्लामा मधेसवादी व्यक्तिहरूले अखण्ड मधेस स्वायत्त प्रदेशको अवधारणा ल्याएको देखिन्छ । कुलानन्द झा, बलदेव दास यादवले मधेस सवाललाई राष्ट्रिय मुद्दाको रूपमा स्थापित गरे जसमा मलजल गर्ने कार्य गजेन्द्रनारायण सिंहले गरे । पञ्चायतकालमा पार्टीमाथि लागेको प्रतिबन्धको कारण नेपाल सद्भावना परिषद्को नाममा परिचित हालको नेपाल सद्भावना पार्टीले मधेसको तत्कालीन मुद्दालाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न ऐतिहासिक भूमिका खेलेको हो। सायद त्यसैले मधेस र मधेसी विरोधी कार्य कहीँ कतै भयो भने सबैभन्दा पहिले राजविराज जुर्मुराउथ्यो । नेता चोकमा नाराहरू लाग्थ्यो र साकेतजन्द्र मिश्रहरू प्राणको आहुति दिन तयार हुन्थे । पछिल्लो ताका ऋतिक रोशन काण्डमा खुशीलाल यादवको सहादत यसको ज्वलन्त उदाहरण हो । यस सन्दर्भमा अहिले सबैभन्दा बढी चर्चामा आएका मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको पुर्ख्यौली घर पनि एकीकृत सप्तरीमा नै थियो । कोशीमा बाँध बाँधिएपछि उनका बुबाले सुनसरीमा बसाइँ सरेका थिए ।

यतिमात्र होइन अहिले सशस्त्र सङ्घर्षद्वारा छुट्टै तराईको माग गरिरहेका जनतान्त्रिक तराई मुक्ति मोर्चाका दुवै समूहको उद्गम स्थल सिरहा-सप्तरी नै हो । जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) का नेता जयकृष्ण गोइत सप्तरीका हुन् भने जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का नेता नागेन्द्र पासवान सिरहाका हुन्। त्यस्तै नेकपा (माओवादी) जस्तो क्रान्तिकारी पार्टीभित्र मधेस मुक्ति मोर्चाका अध्यक्ष मातृकाप्रसाद यादवको पुर्ख्यौली घर धनुषा भए पनि उनको राजनीतिक कार्यक्षेत्र सिरहा नै रहेको छ। नेकपा (एमाले) भित्र मधेसी सङ्गठनको अवधारणालाई मूर्तरूप दिने जितेन्द्र देव पनि सप्तरीकै हुन् भने जनमोर्चा नेपालसँग सम्बन्धित क्रान्तिकारी मधेसी मोर्चाका केन्द्रीय अध्यक्ष तथा मधेसी जनअधिकार फोरमका संस्थापक सदस्य रामरिझन यादवको घर पनि सिरहा हो । यहाँसम्म कि मधेस र मधेसी राजनीतिलाई मूलाधार नबनाए पनि वरिष्ठ गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंह सप्तरी र सिरहा दुवै जिल्लाका वासिन्दा हुन् ।

यसरी मधेसको हकहित संरक्षण तथा संवर्द्धनको सवालमा प्रारम्भदेखि नै सैद्धान्तिक तथा वैचारिक भूमिकामा सिरहा-सप्तरी अगाडि देखिन्छ। सायद त्यसैले नेपालको इतिहासमा नमुनाको रूपमा उठेको मधेसी जनविद्रोहको सुरुआत पनि लहान (सिरहा) बाट नै भयो । प्रारम्भमा सिरहाले विद्रोही भूमिका

नखेलेको भए सायद यसले राष्ट्रिय रूप लिने थिएन । यसबाट पुष्टि हुन्छ मधेसको सवालमा सिरहा-सप्तरी सचेत एवं जागरूक छ ।

यी दुवै एउटै जिल्ला हुँदादेखि देखिएको यिनै खासियत र विशेषताका कारण सशस्त्र सङ्घर्षको बीचबाटै शान्तिपूर्ण आन्दोलनको मर्म र भावनालाई आत्मसात गर्न पनि सिरहा-सप्तरी सफल भएको छ । खासगरी भारतीय स्वतन्त्रता संग्रामका महारथीहरूसँग सप्तरीवासीको उठबस, संर्सग र सहकार्यले सप्तरीलाई राजनीतिक रूपमा परिपक्व बनाएको बुझिन्छ । यसको ज्वलन्त उदाहरण पुस-माघको विद्रोहमा पनि झल्कियो । मूलतः भारतीय स्वतन्त्रता संग्रामताका जयप्रकाश नारायण र डा. राममनोहर लोहीया जस्ता व्यक्तिहरूको आगमनपश्चात् सप्तरीले क्रान्तिकारी बाटो अँगालेको हो । त्यसपछि बिस्तारै यस भेगले मधेसी आन्दोलनमा सैद्धान्तिक, वैचारिक तथा राजनीतिक उच्चता प्राप्त गर्दै आएको छ । हुनलाई पञ्चायतको अत्याचार सहन नसकेपछि सशस्त्रधारी रामराजाप्रसाद सिंह जस्ता व्यक्तित्व मात्र होइन जयकृष्ण गोइत पनि सप्तरीले नै जन्माएको हो । तथापि सप्तरीको शान्ति भाव र शान्तिप्रिय सोचको उद्घाटन त्यतिबेला भयो जतिबेला सम्पूर्ण मधेस जलिरहेको थियो । यो समयमा सप्तरीमा एउटा कमिलासम्म पनि मरेन । छेउमै सिरहाको लहान जलिरहदा सप्तरीवासी शान्तिपूर्ण सङ्घर्षमा प्रतिबद्ध भएको सन्देश सम्प्रेषण गरिरहेका थिए । पूर्व मधेस राजनीतिमा देखिएको सैद्धान्तिक धारलाई बुझ्न यी दुई जिल्लामा देखिएको राजनीतिक चरित्रको चिरफार गर्नु आवश्यक छ ।

## मधेसी राजनीतिका सैद्धान्तिक धार

सैद्धान्तिक रूपमा मधेसी राजनीति तीन धारमा विभाजित देखिन्छ । पहिलो धारको नेतृत्व समन्वयकारीहरूले गरिरहेका छन्, जसमा नेपाल सद्भावना पार्टीको दुवै समूह तथा ठूला राजनीतिक दलका कतिपय मधेसी नेताहरूलगायत मधेसी जनअधिकार फोरम जस्ता संस्थाहरू पर्छन् । यी दलहरूले जातीय तथा क्षेत्रीय रूपमा कुरालाई जति उठाए पनि राजनीतिक रूपमा यसको धरातल भने वर्गीय होइन । त्यसैले मधेसी समस्यालाई यी समूहले कालान्तरमा पनि आंशिक रूपमा मात्र हल गर्न सक्छन्, पूर्ण रूपमा होइन ।

दोस्रो धारको नेतृत्व वर्गीय मुक्ति चाहने सङ्गठनहरूले गरिरहेका छन् । मधेसी राष्ट्रिय मुक्ति मोर्चा, क्रान्तिकारी मधेसी मोर्चा नेपाल, लोकतान्त्रिक मधेसी सङ्गठनलगायतका संस्थानहरूको राजनीतिको आधार वर्गीय मुक्ति हो । यी सङ्गठनहरू जातीय तथा क्षेत्रीय समस्याको हल पनि वर्गीय रूपमा गर्न

चाहन्छन् । यी संस्थानहरूले मार्क्सवादी विश्व दृष्टिकोणलाई आफ्नो सङ्गठनको दार्शनिक, सैद्धान्तिक तथा वैचारिक माध्यम बनाएका छन् ।

तेस्रो धारको नेतृत्व सशस्त्रधारी समूह जनतान्त्रिक तराई मुक्ति मोर्चाले गरिरहेको छ । यसको सैद्धान्तिक तथा वैचारिक अवधारणा अहिलेसम्म स्पष्ट छैन । यद्यपि मोर्चाका दुवै समूहले कहिलेकाहीँ आफ्नो पर्चामा सुवासचन्द्र वोस, भगत सिंह जस्ता क्रान्तिकारीहरूको नाम उल्लेख गरेको भए पनि यी समूहमा सैद्धान्तिक धार अस्पष्ट र अन्योलग्रस्त नै देखिन्छ । यस्ता समूहमध्ये खासगरी मधेसलाई अलग देश बनाउने विखण्डनकारी सोचबाट अभिप्रेरित अन्य स-साना समूह पनि छन् । यस्तो अवधारणासँग मार्क्सवादका अनुयायी गोइत र ज्वाला सिंह जस्ता व्यक्तिहरूको नाम मेल खाँदैन ।

यसरी समन्वयकारी, वर्गीय र सशस्त्र एवं विखण्डनवादी तीन धारमा मधेसको सिङ्गो राजनीति निर्देशित भइरहेको छ । सिरहा-सप्तरीले यी तीनओटै धारको नेतृत्व गरेको देखिन्छ । त्यसैले सिरहा-सप्तरी मधेसको राजनीतिको केन्द्रविन्दु हो भन्नु पर्दा कुनै अतिशयोक्ति नहोला ।

## आन्दोलनमा मजफो

विगत करिब एक दशकदेखि मधेस र मधेसीको सवालमा सैद्धान्तिक तथा वैचारिक बहस चलाउँदै आएको मधेसी जनअधिकार फोरम, नेपाल (मजफो) ले माघ २ गते मधेस बन्दको आह्वान गरेको थियो । सो आह्वान गर्दा जारी गरेको पर्चामा निम्न एघार बुँदे माग सार्वजनिक गरिएको थियो :

- सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुपर्ने
- संविधानसभाको लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने
- जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने
- राज्यको प्रत्येक अङ्ग-प्रत्यङ्गमा मधेसीहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने
- आन्तरिक औपनिवेशीकरणको अन्त्य गरिनुपर्ने
- विना भेद्भाव सबै मधेसी नेपालीहरूले नागरिकताको प्रमाण पत्र पाउनुपर्ने
- समग्र मधेस एक प्रदेश
- आत्मनिर्णयको अधिकारसहितको क्षेत्रीय स्वशासनको व्यवस्था
- मधेसको भूमि, प्राकृतिक स्रोत साधन र जैविक विविधतामाथि मधेसीहरूको अधिकार सुनिश्चित हुनुपर्ने
- जातीय तथा क्षेत्रीय विभेद अन्त्य हुनुपर्ने

- मधेसीहरूलाई विस्थापित गराउने षड्यन्त्र बन्द गनुपर्ने ।

यसप्रकार फोरमका मागहरूले नै प्रारम्भमा मधेसी जनतालाई सैद्धान्तिक तथा वैचारिक रूपमा आन्दोलनको लागि उर्जा प्रदान गरेका थिए । यद्यपि यसप्रकारका मागहरू मधेसी सम्बन्धित अन्य सङ्घसंस्थाहरूको पनि नरहेको होइन । फोरमको मागमा वर्गीय दृष्टिकोणको अभाव देखिएकोले कतिपय संस्थाहरूले वर्गीय शोषणलाई थप मागको रूपमा प्रस्तुत गरेको देखिन्छ । यहाँसम्म कि मधेसमा उत्पीडनका मात्र होइन वर्गीय रूपमा पनि सबैभन्दा शोषित तथा पीडित दलित मुक्तिको सवाल अहम् विषय हुन गएको छ। अर्थात् यी मागहरूमा धेरै सङ्गठनहरूको सहमति थियो भने मधेसी राष्ट्रिय मुक्ति मोर्चा (माओवादी) र क्रान्तिकारी मधेस मोर्चा नेपालसँग त यी अधिकांश मागहरूको मेल थियो । अर्कोतर्फ मधेसी जनअधिकार फोरमले माघदेखि आन्दोलनको आह्वान कार्यक्रम तय गरे पनि १० पुसमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले मधेस बन्द गराइसकेको थियो । यसैक्रममा नेपालगञ्जमा ठूलै घटना पनि भयो ।[१] त्यसैले सद्भावना पार्टीलगायत क्रान्तिकारी मधेसी मोर्चा, मधेसी राष्ट्रिय मुक्ति मोर्चालगायत प्रायः सबै पार्टीका मधेसी सङ्घसंस्थाहरू कुनै न कुनै रूपमा मधेसी जनविद्रोहमा सामेल थिए । प्रारम्भदेखि नै आन्दोलनमा उनीहरूको ऐक्यबद्धता थियो । पार्टीका आन्तरिक सङ्गठनहरू मात्रै हैन शासनसत्ता हातमा लिएका राजनीतिक पार्टीका शीर्षस्थहरूले पनि मधेसीहरूको माग जायज भएको सार्वजनिक रूपमा स्वीकारेका थिए ।

## लहानको घटना सुनियोजित कि आकस्मिक ?

ऐतिहासिक जनआन्दोलनको सफलतापश्चात् बनेको नेपालको अन्तरिम संविधान २०६३ मा मधेसको समस्यालाई मात्र होइन अपितु आदिवासी जनजाति, दलित, उपेक्षित वर्ग र समुदायका समस्याहरूलाई समेत उचित ढङ्गबाट सम्बोधन गरिएन । त्यसैले सम्बन्धित पक्षहरूबाट सो संविधानको विरोध हुनु स्वाभाविक थियो । त्यस्तै भयो पनि । कसैले संविधानको ड्राफ्ट जलाए त केहीले धारा जलाए । तर मधेसी जनअधिकार फोरमले सिङ्गो संविधान नै जलायो । संविधान संसद्बाट पारित भैसकेको अवस्थामा संविधान जलाइएको कार्यलाई गैरकानुनी भन्दै जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसहित २८ जना प्रदर्शनकारीहरूलाई

---

१ हेर्नोस् यसै पुस्तकमा अप्रत्यासित नेपालगञ्ज दङ्गा शीर्षकको लेख ।

गिरफ्तार गरियो । यसमध्ये अधिकांशलाई भोलिपल्ट रिहा गरिए भने शाही शासनकालमा प्रतिगमनकारी भूमिका निर्वाह गरेका व्यक्तिहरू रामेश्वर राय यादव (सचिव, नेसपा मण्डल), निलम वर्मा (कोषाध्यक्ष) लगायत अधिवक्ता अवधेश कुमार सिंह, रामकिशोर सिंह तथा अमरेशनारायण झा सहित स्वयं उपेन्द्र यादवलाई सार्वजानिक अपराध ऐन अन्तर्गतको पूर्जी थमाइयो ।

नेपालको राज्यसत्ताले मधेस र मधेसीहरूप्रति सयौँ वर्षदेखि अँगाल्दै आएको भेद्भावपूर्ण नीति र व्यवहारबाट मधेसीहरू असन्तुष्ट मात्र होइन अपितु आक्रोशित समेत थिए । यिनै असन्तुष्टिपूर्ण आक्रोशलाई व्यावहारिक रूपमा प्रष्फुटित हुने प्रक्रियालाई सरकारको यो कार्यले सघाउ पुर्‍यायो । त्यसैले काठमाडौँमा गिरफ्तार गरिएका व्यक्तिहरूको निःसर्त रिहाइका लागि पूर्वी तराईमा जनअधिकार फोरमका कार्यकर्ताहरूले धर्ना र चक्काजामको कार्यक्रम गरिरहदा नेकपा (माओवादी) का कार्यकर्ताहरूसँग सिरहाको लहानमा झडप भयो । सो घटनामा स्थानीय न्यू मनकामना बोर्डिङ स्कुलमा कक्षा १० मा अध्ययनरत विद्यार्थी रमेशकुमार महतोको ५ माघमा अपराह्न नेकपा (माओवादी) का कार्यकर्ता सियाराम ठाकुरले चलाएको गोलीबाट मृत्यु भयो । त्यसपछि मधेसी जनअधिकार फोरमको आन्दोलनले उग्र रूप धारण गर्‍यो । २ माघको बन्दबाट सुरु भएको मजफोको आन्दोलनले विद्यार्थी रमेशकुमार महतोको हत्यापश्चात् जुन स्थितिको सिर्जना गर्‍यो त्यसैको क्रमबद्ध विकासले आन्दोलनलाई केही दिनमै मधेसी जनविद्रोहमा रूपान्तरण गरेको थियो । माघको दोस्रो सातासम्म आइपुग्दा विद्रोहले पूर्ण आकार ग्रहण गरिसकेको थियो । यिनै कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पहिलो सम्बोधन अपूर्ण भएपछि पुनः सम्बोधन गर्नुपरेको थियो । मधेसी सपूतहरूले आफ्नो जीवनलाई बलिदान दिन पछि नहटेको तथ्य राज्यले महसुस गरेपछि बाध्यात्मक परिस्थितिमा प्रधानमन्त्रीको दोस्रो सम्बोधन आएको हो (हेर्नोस् अनुसूची ३) । सम्बोधनले मधेसीहरूको आक्रोशलाई केही हदसम्म शान्त पार्न सफल भयो ।

लहान घटना र परिघटनाको विकासक्रमलाई विश्लेषण गर्दा नेकपा (माओवादी) द्वारा एकजना मजफोका कार्यकर्तालाई हत्या गरेपछि यसले पूर्ण विकसित रूप लिएको देखिन्छ । हत्यापश्चात् पनि माओवादीले घटनाप्रति अपनाएको सोच र दृष्टिकोण, स्थानीय प्रशासनको विभेदपूर्ण नीति तथा केन्द्रीय सरकारको लापरवाही र गैरजिम्मेवारीपनको कारण मधेस आन्दोलनले सिरहाली सचेत जनताबाट अपार उर्जा प्राप्त गर्न सफल भयो ।

मजफोका अध्यक्ष उपेन्द्र यादवलगायत गिरफ्तार गरिएका अन्य व्यक्तिहरूको रिहाइका लागि सञ्चालित शान्तिपूर्ण चक्काजाम कार्यक्रमप्रति नेकपा (माओवादी) ले देखाएको असहिष्णु र अधैर्यता नै प्रक्रियागत रूपमा आन्दोलनको उठान विन्दु बन्न पुग्यो । ५ माघमा फोरमका कार्यकर्ता रमेशकुमार महतोको हत्यापश्चात् पनि नेकपा (माओवादी) ले एकपछि अर्को गल्ती गर्दै गयो । यसले लहानवासीलाई आक्रोशित बनायो । पहिलो, माओवादीहरूले शान्तिपूर्ण चक्काजामलाई बिथोल्ने प्रयास गरे । दोस्रो, आन्दोलनकारीहरूबाट प्रतिरोध हुँदा नेकपा (माओवादी) का कार्यकर्ता सियाराम ठाकुरले अनाहकमा गोली चलाए । तेस्रो, महतोको मृत्युपश्चात् सम्बन्धित पक्षहरूसँग जसरी प्रस्तुत हुनुपर्थ्यो त्यसरी प्रस्तुत नभएर माओवादीहरूले सोझै हैकम चलाउन खोजे । यसैले परिस्थितिलाई उग्र रूप धारण गर्न सहयोग पुर्‍यायो । यस विषयलाई लिएर नेकपा (माओवादी) ले लासमाथि समेत राजनीति गर्न खोजेको भन्ने धेरैले आरोप लगाएका थिए ।

यसरी एक जनाको मृत्युको विरोध भइरहेकै बेला प्रहरी प्रशासनको गोलीबाट थप चार जनाको मृत्युले आगोमा घिउ थप्ने काम भयो । ५ माघसम्म लहान घटना स्थानीय रूपमै सीमित थियो । अर्को दिन प्रहरीको गोली चलेपछि यसले व्यापक रूप धारण गर्‍यो । पूर्वी तराईका प्रायः सबै सहर-बजारहरू तातिन थाले भने गाउँ-गाउँको जनतामा आक्रोशको लहर फैलियो । यस्तो स्थितिको सर्वत्र अनुभव गर्न सकिन्थ्यो । सिरहा जिल्लाका केन्द्र सिरहा, मिर्चैया, माडर, सुखीपुरलगायत अन्य सहर-बजारहरू तात्न थाले । राजविराज र सप्तरीका अन्य ठाउँ पनि त्यसरी नै तात्न थाले । यसले अन्य जिल्लालाई जुन सन्देश प्रवाहित गर्‍यो त्यसैको फलस्वरूप मधेस विद्रोहले सार्थक र समुचित रूप धारण गर्न सफल भयो ।

यसरी नेकपा (माओवादी) आधारभूत रूपमा मार्क्सवादी-लेनिवादी शक्ति भए पनि त्यसभित्र रहेको अधिभूतवादी सोचमा निहित उग्रवाद, कार्यक्रममा रहेको सैन्यवाद र व्यवहारमा रहेको फासीवादी अवधारणाकै कारण लहानको घटना हुन पुगेको देखिन्छ । अर्कोतर्फ स्थानीय प्रशासनको गैरजिम्मेवारीपन तथा समर्पणवादी सोचले स्थितिलाई साम्य पार्नुको सट्टा त्यसलाई भड्काउन सहयोग पुर्‍यायो । नयाँ नेपाल बनाउने नेकपा (माओवादी) को अवधारणाप्रति असन्तुष्ट तत्त्वहरूले प्रारम्भमा माओवादी विरोधी क्रियाकलाप सहयोग गरेकोले आन्दोलन सरोकारवालाहरूको नियन्त्रण बाहिर गयो । यस्ता कार्यले आन्दोलनलाई थप आक्रामक बनाएको तथ्यलाई इन्कार गर्न सकिन्न । यहाँसम्म कि माओवादीको बढ्दो साङ्गठनिक आधारलाई तहसनहस पार्ने उद्देश्यका साथ सत्ताधारी पार्टीका

कतिपय कार्यकर्ताहरू नै लागेका थिए । साथै २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा प्रतिगामी भूमिकामा रहेका तत्त्वहरू मधेस आन्दोलनको नाममा गङ्गास्नान गर्न प्रयत्नरत थिए । यसले पनि माहोललाई अस्थीर बनाउन सघायो । अहिले तराईमा कार्यरत कतिपय सशस्त्र समूहहरूको पनि लहान घटनामा हात रहेको तथ्यहरू फेला परेका छन् ।

लहान घटनाले मधेस आन्दोलनलाई जुन उचाईमा पुऱ्यायो त्यसबारे दुईओटा दृष्टिकोण छ । पहिलो, नेकपा (माओवादी) कार्यकर्ता सियाराम ठाकुरले विद्यार्थी रमेशकुमार महतोको हत्या नगरेको भए मधेसी आन्दोलनले यत्तिको उचाई प्राप्त गर्ने थिएन । केही दिनपछि आन्दोलन सेलाएर जान्थ्यो । दोस्रो, महतोको हत्या पश्चात् एकपछि अर्को घटना घट्दै गयो । घटनाक्रमको विकास र निरन्तरताको कारण आन्दोलनले नियमितता प्राप्त गर्न सक्यो । रमेशकुमारको हत्या विरूद्ध चर्केको आक्रोश प्रारम्भमा नेकपा (माओवादी) विरूद्ध केन्द्रित भए पनि अन्ततः त्यो मधेसी विद्रोहमा परिणत भयो ।

पहिलो दृष्टिकोणलाई प्रक्रियागत रूपमा समर्थन गर्दै दोस्रो विचारका समर्थकहरूको भनाइमा मधेस जनविद्रोहको मूल कारण मधेस र मधेसीको वस्तुगत परिस्थिति नै हो । रमेशकुमारको हत्या र त्यसबाट उब्जेको परिस्थिति निमित्त कारण मात्र हुन् । शताब्दीऔंदेखि एकात्मक केन्द्रीकृत सामन्तवादी राजतन्त्रात्मक शासन प्रणालीद्वारा मधेस र मधेसीप्रति अख्तियार गरिएको विभेदयुक्त



विद्रोहको क्रममा प्रदर्शन तस्वीर : मीन बज्राचार्य

र भेद्भावपूर्ण नीति नै जनविद्रोहको मूल कारक तत्त्व हो। पहाडीया खस अहङ्कारवाद र ब्राह्मणवादमा लिप्त वर्तमान बहुदलीय शासन प्रणालीले पनि एकात्मक सोच त्याग गर्न नसकेको कारण २००७ सालदेखि नै प्रत्येक सङ्घर्षमा अहम् भूमिका निर्वाह गर्ने मधेसीहरूले राजनीतिक आक्रोश पोखेका हुन्।

तथापि आन्दोलनलाई निरन्तरता दिन नेकपा (माओवादी) मा रहेको अधिभूतवादी सोचाइ नकारात्मक रूपमा सहायक बनिरह्यो। लहान घटनाले उग्ररूप धारण गरेको पहिलो/दोस्रो दिनसम्म पनि नेकपा (माओवादी) ले पार्टीभित्र छानविन गर्ला, दोषीमाथि कारबाही गर्ला भन्ने विश्वासमा आम मानिस थिए। तर पार्टीले समयमा सही र ठोस निर्णय लिन सकेन। उनीहरू क्रान्तिकारी शक्ति भए पनि लहान घटनाको दोषीमाथि कारबाही नगरेको मात्र हैन वास्तविकतालाई बङ्ग्याएर बोल्ने, समयमा आफ्नो गल्ति नस्वीकार्ने कार्यले स्थितिलाई विष्फोटक बनायो। यहाँसम्म कि नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको कतिपय वक्तव्यहरूप्रति जनता आक्रोशित देखिए। खासगरी मधेसी आन्दोलनमा भएको घुसपैठ एवं राजावादी तत्त्वहरूको चलखेल रोक्न संयुक्त सेना पनि सञ्चालन गर्न सकिन्छ भन्ने वक्तव्य आएपछि मधेसी जनता झन् आक्रोशित भए। यसको नकारात्मक प्रभाव चारैतिर फैलियो।

## कम क्षतिमा बढी उपलब्धि

सिरहामा स्थिति उग्र भइरहेको समयमा थोरै लगानीमा बढी उत्पादन गर्ने सिद्धान्त नै एक्काइसौँ शताब्दीको बढ्दो समस्यालाई समाधान गर्न सक्छ भन्ने दृष्टिकोणलाई सप्तरीले आत्मसात गऱ्यो। यसैको कारण सप्तरीले नेपालको इतिहासमा नै शान्तिपूर्ण आन्दोलनको नमुना माघको मधेस विद्रोहमा प्रस्तुत गऱ्यो। सप्तरीमा जस्तो शान्तिपूर्ण, सालीन र सहअस्तित्वको आधारमा सहभागितामूलक आन्दोलन मधेसको कुनै पनि जिल्लामा भएन। आन्दोलन कालमा सप्तरीको यस्तो कुनै ठाउँ छैन जहाँ नारा-जुलुस नलागेको होस्। आफ्नो राजनीतिक मागलाई सम्पूर्ण सप्तरीवासीले जुन रूपमा प्रस्तुत गरे त्यसले वरिपरिका जिल्लालाई चकित तुल्यायो। आन्दोलनको अवधिभर छिटपुट घटना बाहेक कही कतै तोडफोड र आगजनीको नामोनिशान देखिएन। सद्भाव, सहिष्णुता र सहभागिताको अपूर्व उदाहरण मात्र देखियो। मधेस आन्दोलनभरी छेउको सिरहामा मात्रै ७९ घण्टा कर्फ्यु लाग्दा समेत सप्तरीमा कहिले पनि कर्फ्यु लागेन। यसले नै सप्तरीमा आन्दोलन अनुशासित र संयमित भएको पुष्टि हुन्छ। सधैँजसो दिउँसो एक बजेसम्म जिल्लाका चोकहरूमा ग्रामीण जनताको घुइँचो, तत्पश्चात् जुलुस, ऱ्याली, नारा र आमसभाको आयोजना राजविराज र त्यस

तस्वीर : मीन बज्राचार्य



नेकपा (माओवादी) अध्यक्ष प्रचण्डको पुत्ला दहनको तयारी

क्षेत्रको नियमित कार्य थियो । खासगरी राजविराजको नेता चोक, हनुमाननगर चोक, कञ्चनपुर चोक, भारदह जस्ता ठाउँहरूमा जनताको उल्लेखनीय उपस्थिति हुन्थ्यो । विभिन्न सङ्घसंस्था, राजनीतिक पार्टीलगायतका सङ्गठनहरूले कहिले रोटेसनमा त कहिले सामूहिक रूपमा जसरी कार्यक्रमको आयोजना गर्थे त्यो अत्यन्तै अनुकरणीय हुने गरेको थियो । कहिले सात राजनीतिक दल संयुक्त रूपमा प्रस्तुत हुन्थे भने कहिले छुट्टाछुट्टै मधेसी हकहितको सवाललाई चर्को रूपमा उठाउँथे । नेकपा (माओवादी) सँग सम्बद्ध मधेसी राष्ट्रिय मुक्ति मोर्चालगायत विभिन्न जातीय, भाषिक, साहित्यिक सङ्घसंस्थाहरूले नियमित कार्यक्रमको आयोजना गरी सरकारलाई मधेसीको जायज मागलाई मान्न दबाब दिने गर्थे । तर सिरहा जिल्लाको सदरमुकाम सिरहामा नेकपा (एमाले) का विद्यायिका पारोदेवी यादवले आफ्नो पार्टीको झण्डा सहित जुलुसमा सामेल हुन जाँदा मधेसी जनअधिकार फोरमका नेता तथा कार्यकर्ताहरूले झण्डा फहराउन नदिएको स्थिति थियो । राजविराजमा यसप्रकारको हैकमवादी सोच र प्रवृत्ति जनअधिकार फोरममा पनि

देखिएन । न अन्य कुनै दलमा नै देखियो । सबै मिलेर आ-आफ्नो ब्यानर र झण्डा एकै ठाउँमा फहराएको देखिन्थ्यो । कतिपय सन्दर्भमा एउटै मञ्चमा एउटाको कार्यक्रम सकेपछि अर्कोको सुरु हुन्थ्यो ।

तर माघ पूर्व सप्तरीको स्थिति अर्कै थियो । नेकपा (माओवादी) को जनयुद्धले विराम लिएपछि सप्तरी अर्कै हिसाबले तातेको थियो । यो शान्त हुन सकेको थिएन । नेकपा (माओवादी) बाट छुट्टिएर जनतान्त्रिक तराई मुक्ति मोर्चा बनेपछि यी दुईबीचको आपसी मुठभेडबाट मात्र होइन जनतान्त्रिककै गोइत एवं ज्वाला सिंह समूहबीचको वैमनस्यताले समेत सप्तरी आक्रान्त थियो । हत्याहिंसा विभिन्न किसिमले जारी नै थियो । तथापि मधेस विद्रोहमा अन्य जिल्लाको तुलनामा नितान्त फरक चरित्र बोक्दै शान्तिपूर्ण ढङ्गबाट सम्पूर्ण गतिविधि सञ्चालन गर्नु सप्तरीवासीको सुझबुझ र सहिष्णुताकै उदाहरण हो । सप्तरी जिल्लाकै सशस्त्रधारी नेता जयकृष्ण गोइतले मधेसी आन्दोलनलाई सहयोग गर्दै कुनै हिंसात्मक रूप दिन चाहेनन् । जबकि कतिपय जिल्लाहरूमा जनतान्त्रिकले आन्दोलनकै क्रममा हत्याहिंसाको खेल खेलेको साथै जिम्मेवारी पनि लिएको उदाहरण पाइन्छ । यसले पुष्टि गर्छ सशस्त्रधारी समूहले समेत सप्तरीमा शान्तिपूर्ण आन्दोलनलाई नै अगाडि बढाउन सहकार्य गरेका थिए ।

यति मात्र हैन, माघभरि आन्दोलन प्रभावित प्रायः जिल्लामा सरकारी सम्पति आन्दोलनकारीहरूको तारो बन्यो । सरकारी मात्र हैन अन्य सार्वजनिक तथा निजी सम्पत्तिहरू तोडफोड गरिए । तर सप्तरीमा कुनै सरकारी कार्यालयको सिसासम्म फोडिएन । यस प्रकारको सहिष्णुताको मूल कारणबारे दुईओटा दृष्टिकोण छ । आन्दोलनलाई शान्तिपूर्ण रूपमा सञ्चालन गर्ने सोच नै पहिलो कारण हो । दोस्रो दृष्टिकोणअनुसार विभिन्न बहानामा सरकारले सप्तरीबाट कार्यालयहरू सारेर लहान ल्याएपछि जिल्लावासीका धेरै स्वार्थले गर्दा नै सरकारी कार्यालय एवं सम्पत्ति तोडफोड र आगजनी नभएको हो ।

## कुनै पनि गजुर रहेनन्

जनतामाथि शोषण-उत्पीडन गर्ने शासकहरूको दुईओटा अनुहार हुन्छन् । एउटा अनुहारले उसको चरित्रलाई जनप्रेमी सावित गर्न भरमग्दुर प्रयास गरेको हुन्छ । अर्को अनुहारभित्र क्रुरता र वैमनस्यता बाहेक अरू केही हुँदैन । सार्वजनिक रूपमा नेपालका राजाहरूले पहिलो अनुहारलाई स्थापित राज्य संयन्त्रमार्फत लामो समयदेखि जनता विरुद्ध उपयोग गरिरहेको भए पनि उनीहरूको दोस्रो अनुहार नलुकेकै कारण अन्य जिल्लाझैँ सिरहा र सप्तरीमा ठडिएका राजाका

सालिकहरू ढालिए । राजविराजको मुख्य चोकमा राखिएको त्रिभुवनको सालिक ढालियो भने भारदह चोकको राजा वीरेन्द्रको पूर्ण कदको प्रतिमालाई पनि चकनाचुर बनाइयो । त्यस्तै रूपनीमा राजमुकुट उखेलियो । अन्य कयौँ ठाउँमा सालिकहरू तोडफोड भएको देखिन्छ । यहाँसम्म कि प्रजातन्त्रवादी व्यक्तित्वहरूको सालिक समेत तोडियो । कदमाहा चोकमा वीपी कोइरालाको प्रतिमा आन्दोलनकारीहरूले क्षति पुऱ्याए भने छपरारी नजिक रहेको गणेशमान सिंहको प्रतिमामा आगो लगाइयो । यस्ता व्यक्तित्वहरूको सालिक ढलेकोमा घुसपैठको आशङ्का गर्नेहरू कम छैनन् । कतिपयले भने यसको मूल कारण आक्रोश बताएका छन् । यी बाहेक जिल्लाका विभिन्न भागमा स्थापित सर्जकहरूको प्रतिमासमेत तोडफोड गरिए । सिरहामा रहेको भानुभक्तको प्रतिमा, मिर्चैयाको कटारी चोकमा हालै स्थापित युगकवि सिद्धिचरण श्रेष्ठको सालिक ढालिएको थियो । सम्भवतः सिरहामा सलहेश जस्तो युगपुरुषको प्रतिमासम्म स्थापना हुन नसक्नाले पनि आक्रोश बढ्दो थियो ।

विभिन्न चोकहरूमा सालिक तोड्ने कामसँगै मधेसी आन्दोलनको दरमियानमा नाम परिवर्तनको अभ्यास पनि देखिन्छ । राजविराजस्थित त्रिभुवन चोकलाई गजेन्द्र चोक, महेन्द्र पार्कलाई साकेत पार्क, गणेशमान चोकलाई दर्शन विनोद लोकतान्त्रिक चोक नामाकरण गरेको पाइन्छ । त्यस्तै राजविराज वडा नं. ६ मा रहेको मदन टोललाई मिलन टोल र महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसबाट 'महेन्द्र' शब्द हटाइएको छ ।

## अन्त्यमा

प्रारम्भमा सप्तरीबाट उठेका मधेसीका राजनीतिक आवाजलाई साम्प्रदायिकबाहेक केही नबुझ्नेहरूका लागि मधेस जनविद्रोहले कडा झापड दियो । सप्तरीमा बसोबास गरिरहेका हजारौँ हजार पहाडीमध्ये मधेसीमाथि लादिएको विभेदपूर्ण नीति विरुद्ध भाषण गर्ने धेरै थिए । यीमध्ये कतिपय पहाडी विगतमा मधेसी राजनीति मन नपराउनेहरू पनि थिए । यसले मधेस आन्दोलनलाई ठूलो उर्जा प्रदान गऱ्यो । अखण्ड र सार्वभौम नेपालमा मधेसी र पहाडी एकै ठाउँमा बस्न सक्छन् भन्ने सौहार्द र सहिष्णुताको सन्देश प्रवाहित गऱ्यो । खासगरी सप्तरीमा कुनै पनि मधेसीले पहाडी समुदायप्रति अपशब्द प्रयोग गरेन । केवल पहाडी शासकहरूमाथि मात्र शब्दिक आक्रमण भइरह्यो । यहाँसम्म कि एकजना पहाडी मूलका नेताबाट केही व्यक्तिहरूले माइक खोस्न खोज्दा त्यसलाई मधेसीहरूले निन्दा एंव भर्त्सना गरे ।

मधेसीको समस्याप्रति मात्र होइन, सिङ्गो देशकै समस्या समाधान गर्नमा असफल पहाडी शासकको विरूद्धमा जे जति सङ्घर्ष, आन्दोलन र जनविद्रोह भएका छन् त्यसमा मधेसी मुक्ति आन्दोलनको स्थान अपूर्व छ। योभन्दा पहिले कुनै जातीय, क्षेत्रीय तथा भाषिक समूहहरूले यस प्रकारको आन्दोलन गरेको रेकर्ड छैन। माघ महिनाको मकर संक्रान्तिदेखि अन्तिम सातासम्म चलेको मधेस आन्दोलनले पुष्टि गरेको छ कुनै पनि शोषित तथा प्रताडित जातजाति तथा भाषाभाषिको मुक्ति तबसम्म सम्भव छैन जबसम्म उसले आफै सङ्घर्ष गर्दैन। मधेसीको सवालप्रति जहिले पनि वक्रदृष्टि अपनाउने नेपालका शासक वर्गका लागि माघको आन्दोलन फलामको चिउरा चपाए जस्तै भयो। आफ्नो आधिकारिक दस्तावेजहरूमा 'मधेस' शब्दसम्म राख्न हिच्किचाउने पहाडी शासक वर्गले सङ्घीय शासन प्रणाली, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्रको निधारण तथा समानुपातिक प्रतिनिधित्व एवं सहभागिता जस्ता महत्त्वपूर्ण र अहम् मागहरू मान्न बाध्य भए। मधेस आन्दोलनको यिनै सफलताको कारण मधेस आदिवासी-जनजाति, दलित, महिला, उपेक्षित वर्ग र क्षेत्रका शोषित पीडित जनता हौसिएका छन्।

मधेसी जनविद्रोह २०६२/६३ सालको युगान्तकारी जनआन्दोलनकै परिपूरक रह्यो। संयुक्त जनआन्दोलनको भावना संविधानसभाको निर्वाचनद्वारा एकात्मक केन्द्रीकृत सामन्ती राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य तथा राज्यको पुनर्संरचना गरी गणतन्त्रको स्थापना गर्नु थियो। खासगरी एक दशकदेखि सशस्त्र जनयुद्धमा लागेको नेकपा (माओवादी) जस्तो पार्टी पनि उक्त आन्दोलनमा सक्रिय रूपमा सामेल भएपछि आन्दोलनको सफलता शान्तिपूर्ण रूपान्तरणसँग पनि गाँसिएको थियो। विगत आधा दशकदेखि माओवादीले अख्तियार गरेको वैचारिक दृष्टिकोणकै कारण मधेसी समस्याले राष्ट्रिय मान्यता प्राप्त गरेको सन्दर्भमा माओवादी सशस्त्र द्वन्द्वबाट शान्तिपूर्ण जनआन्दोलनमा सामेल हुनु मधेसीहरूका लागि खुशीको विषय थियो।

मधेस जनविद्रोह हुनुको मुल कारण मधेसको वस्तुवादी परिस्थिति नै हो जसलाई राज्यले कहिल्यै उचित रूपमा सम्बोधन गर्ने प्रयास गरेन। मधेसीहरूको पहिचानको प्रश्नलाई गौण बनाएर राख्ने दुष्प्रयास भयो भने देशभित्रै आन्तरिक उपनिवेशको अभ्यास गर्दै मधेसीहरूसँग विदेशी सरह व्यवहार गरियो। फलस्वरूप राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिकलगायत सबै क्षेत्रमा भेद्भावको नीति अवलम्बन गर्दै आफ्नै देशवाशीलाई राष्ट्रको मूल प्रवाहबाट टाढा राख्ने कार्य भयो। फलतः भावनात्मक रूपमा मधेसीहरूले काठमाडौँसँग आफूलाई जोड्नै सकेनन्। यसले गर्दा एउटा देशमा दुई प्रकारको राष्ट्रवादको विकास भयो जसलाई पहाडी

राष्ट्रवाद र मधेसी राष्ट्रवादको रूपमा कतिपय व्यक्तिहरूले चित्रण गर्ने गरेका छन् । तर माघ महिनाको जनविद्रोहले नेपालको राष्ट्रियता, अखण्डता तथा सार्वभौमसत्तालाई सम्मान गर्दै मधेसीहरूले राष्ट्रको मूल प्रवाहमा समानुपतिक ढङ्गबाट प्रवाहित हुनुका लागि राजनीतिक आधार तयार गर्न सफल भएको छ ।

सिरहा जिल्लाले मधेसी जनविद्रोहमा खेलेको भूमिका निश्चित रूपमा ऐतिहासिक तथा गर्व गर्न लायक छ । यसले आफ्नो पूर्ववत् सोचलाई कायम राख्दै वर्षौंदेखि जारी मधेसी आन्दोलनलाई जुन ऊर्जा प्रदान गऱ्यो त्यो मधेसका लागि मात्र नभएर समस्त शोषित, पीडित जातजाति, भाषाभाषी, लिङ्ग तथा समुदायका लागि प्रेरणाको स्रोत भएको छ । मधेसीहरूको यस प्रकारको समर्पण भावबाट उठेको आन्दोलनलाई कसैले कुनै व्यक्तिगत स्वार्थका लागि सम्झौता गर्दछ भने सिरहाली जनताले त्यसलाई कडा प्रतिवाद अवश्य गर्नेछ । किनकि सिरहा जिल्ला भौतिक रूपमा पिछडिएको भए पनि मानसिक रूपमा यो यति सचेत छ कि सिङ्गो राष्ट्रलाई दिशा प्रदान गर्न सक्छ । मधेसी जनविद्रोह यसको ज्वलन्त उदाहरण हो ।

सप्तरी जिल्लाको मधेसी आन्दोलनको चरित्र र भाव अन्य प्रायः सबै जिल्लाहरूभन्दा भिन्न रह्यो । त्यहाँ जे जति कार्यक्रमको आयोजना गरिए ती सबैमा सम्बन्धित संस्थाहरूको एकल वा मिश्रित रूपमा सक्रिय सहभागिता थियो । सायदै कुनै जिल्ला होला जहाँ यतिको सङ्ख्यामा विभिन्न सङ्घसंस्थाहरूले आ-आफ्नो ढङ्गबाट जुलुस प्रदर्शन तथा आम सभाको आयोजना गरेको होस् ।

आम मधेसीको आन्दोलनको उद्देश्य एक भए पनि अपनाइएको प्रक्रिया अलग अलग रहेको देखिन्छ ।

# अनुसूची क
# सिरहा-सप्तरीको आन्दोलन डायरी

मधेसी जनविद्रोहको सुरुआत मुलतः माघ ५ गतेको अप्रत्याशित घटनाबाट भए पनि यसको निरन्तरता भने पुस १० र माघ २ गतेको बन्दले दिएको थियो। नेपालगञ्ज घटनाबाट उकुसमुकुस मधेसी समुदायले लहानमा आफ्नो आक्रोश व्यक्त गर्‍यो।

**२ माघ, मङ्गलबार**

मधेसी जनअधिकार फोरम नेपालद्वारा सम्पूर्ण मधेस बन्द। सिरहा र सप्तरी पूर्ण रूपमा प्रभावित। सिरहा जिल्लाको केन्द्र सिरहास्थित हेमनारायण चोकमा नेपालको अन्तरिम संविधान २०६३ जलाइयो तर केन्द्रीय सदस्य चन्द्रेश्वरप्रसाद यादवका अनुसार मधेसविरोधी धारा मात्र जलाएको।

रिक्सासम्म चलेन। तरकारी तथा पान पसल पनि खुलेन। बन्दकर्ताहरूले नगरको विभिन्न चोकमा टायर बालेका थिए। जिल्लाका छिनमस्ता, बोदे बर्साइन, हनुमाननगर, भारदह, कञ्चनपुर, फत्तेपुरलगायत मुख्य सहर राजविराज पूर्ण रूपमा बन्द।

**३ माघ, बुधबार**

काठमाडौँको मण्डलामा माघ २ गते संविधान जलाएको कारण गिरफ्तारमा परेका फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतका व्यक्तिहरूको रिहाइका लागि लहानमा केही बेर चक्काजाम। सिरहामा बजार तथा यातायात बन्द गर्ने फोरम कार्यकर्ताको प्रयास असफल।

सप्तरीमा पनि यसको व्यापक विरोध भयो। फोरमका सप्तरी अध्यक्ष शैलेन्द्र साह, नेपाल मधेसी विद्यार्थी फ्रन्टका अध्यक्ष अरूण यादव तथा फ्रन्टका केन्द्रीय उपाध्यक्ष विनोद चौधरीले छुट्टाछुट्टै विज्ञप्तिमार्फत विरोध गरेका थिए। साथै आफ्नो नेताहरूलाई रिहा नगरे कडा आन्दोलन गर्ने चेतावनी दिइएको थियो। त्यस्तै नेताहरूको पक्राउ मधेसी कानुनी समाजद्वारा भर्त्सना।

**४ माघ, विहीबार**

सिरहा जिल्लाको सदरमुकाम सिरहामा जुलुस तथा नारा। लहानमा ५ घण्टा चक्काजाम।

आफ्ना नेता तथा कार्यकर्ताहरूको पक्राउको विरोधमा फोरमका कार्यकर्ताहरूले विसनपुर बजारमा टायर बालेर सडक अवरोध गरेका थिए। कल्याणपुर र कञ्चनपुरमा पनि ५ घण्टा चक्का जाम गरियो। भारदहमा फोरमका कार्यकर्ताहरूद्वारा बसमा तोडफोड।

**५ माघ, शुक्रबार**

लहानस्थित मुरारका पेट्रोल पम्प अगाडि राजमार्गमा मेची कोशीबाट दुईओटा मिनीबसमा आएका माओवादीहरूले चक्काजामको अवज्ञा गर्न खोज्दा आन्दोलनकारी र माओवादीहरूबीच विवाद भएको थियो। तर विवाद कै क्रममा सियाराम ठाकुरले बसमा प्रवेश गरी गोली हाने जसबाट रमेशकुमार महतो घटनास्थलमा नै ढलेका थिए। महतो ढलेपछि तनाव भड्किएको

थियो । आक्रोशित भिडले सियाराम र उनीसँग रहेका अनुप भनिने अनिल साहलाई कुटपिट गर्दै इलाका प्रहरी कार्यालयसम्म लखेटेका थिए । घाइते दुवै जनालाई त्यही दिन उपचारका लागि धरान लगिएको थियो । आक्रोशित भीडले माओवादी चढेर आएका को.१ ख. १९८० सहित दुईओटा मिनीबस रोकेर राखेका १० ओटा बस र दुई मालवाहक ट्रक जलाएका थिए । जसमा अग्नी यातायात, मितेरी यातायात र ज्वाला यातायातको दुई-दुईओटा बसमा आगो लगाएका थिए भने विष्णु यातायातको बस तोडफोड गरेको थियो । तनाव भड्किन नदिन स्थानीय प्रशासनले माघ ५ गते ६ बजेदेखि बिहान ४ बजेसम्म कर्फ्यु जारी गरेको थियो । लहानवासीले अलपत्र परेका यात्रुहरूलाई श्रीराम गेष्ट हाउसमा खाने बस्ने व्यवस्था मिलाएका थिए ।

मधेसी नेताको रिहाइको माग गर्दै राजविराजमा जुलुस प्रदर्शन, भारदह तनावग्रस्त, तीन राउण्ड हवाईफायर र ६ पक्राउ । नेकपा (संयुक्त) का केन्द्रीय सदस्य कैलाश यदुवंशीद्वारा गिरफ्तार गरिएका फोरमका नेताहरूको रिहाइको माग । जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहले वार्ताको लागि आह्वान गरेको मिति समाप्त भएको घोषणा ।

**६ माघ, शनिबार**

मृतक रमेशकुमार महतोको शव कुर्दै फोरमका कार्यकर्ताहरूले स्थानीय लोकतान्त्रिक चोकमा पाल टाँगेर बसेका थिए । उनीहरूले उक्त चोकलाई वीर शहीद रमेश चोक समेत नामाकरण गर्दै पीडित परिवारलाई २५ लाख क्षतिपूर्ति, चोकमा रमेशको शालिकको निर्माण, पीडित परिवारकै एकजनालाई सरकारी सेवामा जागिर, घटनाको दोषीलाई आजीवन कारावास, गृहमन्त्रीको राजीनामा सहित प्रधानमन्त्रीले मधेसी समुदाय समक्ष सार्वजनिक रूपमा माफी नमागेसम्म शवको दाहसंस्कार नगर्ने अडान ।

दिउँसो फोरम सम्बद्ध युवा विद्यार्थीहरूले मृतक रमेशकुमार महतोको शव बजार परिक्रमा गरेका थिए । शव यात्रापछि लोकतान्त्रिक चोकमा शव सहित धर्नामा बसेका प्रदर्शनकारीहरू माथि राति ९ बजेतिर करिब दुई दर्जन मोटर साइकल, १ जीप, २ ओटा ट्रकमा चढेर आएका माओवादीहरूले धर्नामा बसेकाहरूलाई कुटपिट गर्दै शव खोसेर लगेका थिए । कुटपिटमा परी सोनमती मझौरा ८ का हरिनाथ यादव, महेन्द्र शाह, मृतकका महिला दाइ रामसोभित महतो लगायत दर्जन घाइत भएका थिए । घाइतेमध्ये ६ जनाको लहान अस्पतालमा उपचार गरिएको थियो ।

यसप्रकारको घटना घट्नुभन्दा पहिले सोही दिन दिउँसो सात राजनीतिक दल सम्बन्धित स्थानीय नेताहरूको एक बैठक बसेको थियो, जसमा नेसपा (आ) का वेचन ठाकुर, वाममोर्चाका चन्द्रदेव कामती तथा जनमोर्चाका जिल्ला अध्यक्ष रामकुमार यादवहरूको बैठकपश्चात् एक प्रेस विज्ञप्तिमार्फत मृतक रमेशकुमार महतोप्रति श्रद्धाञ्जली अर्पण गर्दै लहान घटनाप्रति दुःख व्यक्त गरिएको थियो । साथै सरकारसँग उच्चस्तरीय छानबिन आयोग गठन गर्नुपर्ने, दोषीलाई कडा कारबाही र पीडित परिवारलाई उचित क्षतिपूर्ति माग गर्दै संविधानसभा निर्वाचनको पूर्व सन्ध्यामा जनताको सार्वभौम अधिकार कुण्ठित गर्ने प्रतिगामी तत्त्वहरू, विभिन्न बहानामा सक्रिय हुनसक्ने सम्भावना रहेकोले नागरिक समाज, बुद्धिजीवी, विद्यार्थी, मजदुरलगायत सबैलाई असल नागरिकको भूमिका निर्वाह गर्न आग्रह गरिएको थियो ।

सात दलको बैठकपश्चात् पुनः स्थानीय प्रशासनको पहलमा सात दलका नेताहरू सहित मधेसी जनअधिकार फोरमको बैठक भएको थियो। तर फोरमले आफ्नो केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा मात्र केही निर्णय लिन सक्ने अडान राखेपछि बैठक निष्कर्षविहीन भयो र पुनः बजार बन्द रह्यो भने राजमार्गमा गाडी चलेनन्।

उता सिरहा जिल्लाको सदरमुकाम सिरहा पूर्णतः बन्द रहेको थियो। प्रदर्शनकारीहरूले शिक्षा कार्यालयको गाडी तथा कृषि विकास बैंकमा तोडफोड र आगजनी गरेका थिए भने ठाउँ ठाउँमा टायर बालेर आन्दोलनकारीहरूले प्रदर्शन गरेका थिए। त्यही दिन नेकपा (माओवादी) को सिरहा स्थित कार्यालय तोडफोड गर्दै रविन्द्र तामाङ, विनोद राई, अनुपा राई, सचिता राईलगायतका कार्यकर्ताहरूलाई कुटपिट गरिएको थियो। घाइतेहरूको उपचार स्थानीय अस्पतालमा गरिएको थियो। प्रदर्शनकारीहरूले माडर भन्सार कार्यालयमा पनि तोडफोड र आगजनी गरेका थिए। जुलुसपश्चात् क्याम्पस चोकमा आयोजित श्रद्धाञ्जली सभामा फोरमका जिल्ला अध्यक्ष किशोरी यादवलगायतका व्यक्तिहरूले आ-आफ्ना विचार प्रस्तुत गरेका थिए।

राजविराज बन्द। समाचार सङ्कलनमा गएका सञ्चारकर्मीहरू माथि हातपात। राजविराजमा अज्ञात समूहद्वारा तीनओटा पसलमा तोडफोड। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा दुई दिने तराई बन्दको घोषणा। जतमुमोद्वारा एक कार्मचारीको अपहरण।

**७ माघ, आइतबार**

माओवादीले मृतक रमेशकुमार महतोको शव लगेको आक्रोशमा बिहानैदेखि प्रदर्शनकारीहरूले लहानस्थित एक दर्जनभन्दा बढी सरकारी कार्यालयको तोडफोड र आगजनी। लहान र सिरहामा गरी ४ ओटा गाडीमा आगजनी। बिहानैदेखि लहान स्थित नेपाल खाद्य संस्थानका अञ्चल कार्यालय, कृषि विकास बैंकको शाखा कार्यालय, इलाका हुलाक, आन्तरिक राजश्व, लहान नगरपालिका, जिल्ला वन कार्यालय, घरेलु तथा साना उद्योग, इलाका प्रशासन, खानेपानी तथा सरसफाई डिभिजन, भू-संरक्षण, भूमिगत जलसेक्टर सिचाई आयोजनाको कार्यालय, सडक डिभिजन कार्यालय र कृषि सामग्री संस्थान तोडफोड र आगजनी गरेका थिए। जिल्ला वन कार्यालय र सरसफाई डिभिजनको गाडी जलाइएको थियो।

लहान हत्याकाण्डको विरोधमा सात विद्यार्थी सङ्गठन तथा मधेसी जनअधिकार फोरम सप्तरीले राजविराजमा माओवादी अध्यक्ष प्रचण्डको पुतला दहन गरेका थिए। माओवादी विरुद्ध चर्को नारा पनि लगाइएको थियो। सो अवसरमा फोरमका सप्तरी अध्यक्ष शैलेन्द्र शाह, विद्यार्थी फ्रन्ट सप्तरीका अध्यक्ष अरूण यादव, नेविसङ्घका अर्जुन साह, स्ववियु सभापति केदार यादव, देवनारायण प्रमाणी, नेविसङ्घका केन्द्रीय सदस्य इरसाद अंसारी तथा शब्बिर आजमलगायतका वक्ताहरूले माओवादी अध्यक्ष प्रचण्डले लहान घटनाको सम्बन्धमा मधेसीहरूसँग माफी नमागेसम्म मधेसमा आन्दोलन जारी रहने घोषणा गरेका थिए।

दुई दिनदेखि जारी राखेको सप्तरी बन्द आज तेस्रो दिन पनि ठप्प रह्यो। पत्थरगाडा चोकमा आठ दलका नेता तथा कार्यकर्ताहरूले फोरमको अगुवाईमा गृहमन्त्रीको पुतला दहन गर्दै दोषीलाई कारबाही गर्न माग गरेका थिए। नेकपा (एमाले) राजविराज नगरकमिटीका सचिव भोगेन्द्र चौधरीद्वारा लहान घटनाको उचित छानबिन तथा क्षतिपूर्तिको माग गर्दै प्रेस विज्ञप्ति।

**८ माघ, सोमबार**
गाउँ गाउँबाट जनताको भीड लहान र सिरहामा लाग्न सुरु। लहानमा बिहान दसौँ हजार जनता जम्मा भइसकेका थिए। मधेसी एकता जिन्दावाद, वीर शहीद रमेश अमर रहुन, गृहमन्त्री सिटौला राजीनामा गर लगायतका नाराहरू लगाउँदै प्रदर्शनकारीहरूले बजार परिक्रमा गरेका थिए। दिउँसो २ बजेसम्म कुनै पनि प्रकारको हिंसात्मक झडप हुन संकेत देखिएको थिएन। पौने २ बजेतिर प्रदर्शनकारीहरूले स्थानीय लोकतान्त्रिक चोकमा गृहमन्त्री कृष्णप्रसाद सिटौला र माओवादी नेता मातृका यादवको पुतला दहन गर्दै कोणसभा समेत गरेका थिए। सो सभामा फोरमका केन्द्रीय सदस्य कृष्णबहादुर यादव तथा मधेस मिडिया मिसनका दिनेश्वरप्रसाद गुप्ताले मृतक रमेशकुमार महतोलाई शहीद घोषणा गर्दै उनको स्मारक निर्माण गर्नुपर्ने, मधेसी समुदायलाई प्रमाण नखोजी नागरिकता दिनुपर्ने, गृहमन्त्री तत्काल राजीनामा गर्नुपर्ने जस्ता मागहरू गरेका थिए।

कोणसभा सकिन लागेकै बेला पश्चिमतिरबाट सयौँको सङ्ख्यामा आएका एक हुल व्यक्तिहरूले इलाका प्रहरी कार्यालयमाथि ढुङ्गामुडा गर्न थालेपछि स्थिति तनावग्रस्त बन्न पुगेको थियो। दिउँसो सवा दुई बजेतिर प्रदर्शनकारी र प्रहरीबीच भिडन्तमा सयौँ राउण्ड हवाईफायर भएको थियो। प्रहरीले गोली चलाएपछि प्रदर्शनकारीहरूको भीडबाट पनि गोली चलेको थियो। प्रहरीको गोलीबाट सोठीयाइन ९ मिर्जापुरका परमेश्वर सदा (प्रमोद सदा) सडकमै ढलेका थिए भने लहान ४ का विजयकुमार सहनीको गोली लागेको अवस्थामा उपचार गर्न अस्पताल लैजादा बाटोमा मृत्यु भएको थियो। झडपमा तीन दर्जनभन्दा बढी घाइते भएका थिए। केहीलाई धरान लान खोज्दा रुख ढालेर बाटो अवरुद्ध भएकोले लान सकिएन। घटनामा घाइते सशस्त्र प्रहरीका दुई सहित तीन प्रहरी र ११ प्रदर्शनकारीहरूलाइ सोझै पौने सात बजे सेनाको हेलिकोप्टरले काठमाडौँ लगेका थिए। प्रहरीतर्फ घाइतेहरूमा ध्रुवलाल बञ्जारा, ईश्वर थापा र मनोज थापा थिए भने प्रदर्शनकारीहरूमा लहान ७ का नन्दन खेतान, छपरारीका पप्पु गुप्ता, ढोढनाका वेचन यादव, गोविन्दपुर ५ का विसुन साह, गाढा तीनको विसुनदेव राम, लहान ५ का मो. बब्लु, लहान ४ का म. मोमताज, पिप्राका मनोजकुमार साह, सोनमति मझौराका अहमद राइन सहितका व्यक्तिहरूको उपचारका लागि काठमाडौँ लगिएको थियो। ती मध्ये वेचन यादवको त्रिभुवन विमानस्थलमा नै मृत्यु भएको थियो भने अर्का घाइते अहमद राइनको उपचारको क्रममा मङ्गलबार बिहान छाउनी अस्पतालमा निधन भएको थियो।

सोमबारको झडपमा अन्य घाइतेहरू लहान ५ का सन्तोषकुमार साह, लहान १ का विवेक साह, बस्तीपुरका प्रदीप यादव, लहान २ का उपेन्द्र यादव, सप्तरी गरगम्मा ५ का उमेश तथा सप्तरी पंसेरा ६ का उदीतनारायण चौधरी थिए। त्यस्तै लहान ५ का परमेश्वर सहनी, रामपुर ९ का मनोज कुमार, ब्रम्हान गोर्छारी ८ का सुगालाल चौधरी, लहान ३ का जीवछ कामत र सोभित यादव, लहान ३ का विष्णुदेव राय, महदेवा पोर्ताहाका रामेश्वर ठाकुर, बस्तीपुर ३ का दोरीकलाल पासमान, गोविन्दपुर ३ का विसुन साह, लहान ४ का मो. ममताज, सोनमती मझौरा ८ नयाँ टोल कठहाका सतीशकुमार यादव, भवानीपुर ७ माघोपुरका लालुप्रसाद यादव र वलहीका बुधन यादव पनि घाइते भएका थिए।

घटनापछि आक्रोशित सशस्त्र प्रहरीहरूले रघुनाथपुर स्थित आफ्नै घरमा बसिरहेको राजाराम चौधरी, मंजु चौधरी, रामबहादुर चौधरीलगायतका व्यक्तिहरूलाई कुटपिट गरेका थिए भने टिभी लगायतका सामग्री तोडफोड गरेका थिए ।

सोमबारको घटनामा प्रहरी चौकीदेखि झण्डै एक किमी उत्तर लहान ५ स्थित आफ्नै घरको गेटमा उभिरहेका अवस्थामा ३५ वर्षीया घुर्मीदेवी कामतलाई दाहिने तिघ्राको पछाडिपट्टिबाट गोली लागेको थियो । प्रहरी चौकीको एक किमी उत्तर रहेको कामतलाई गोली लाग्नुले बाहिरबाट पनि गोली चलेको कुरालाई पुष्टि गर्दछ । सदरमुकाम सिरहामा पनि जुलुस तथा आम सभाको आयोजना गरियो ।

लहान हत्याकाण्डको विरोधमा आठ विद्यार्थी सङ्गठन तथा मधेसी जनअधिकार फोरम सप्तरीले जिल्ला प्रशासन कार्यालयमा तीन घण्टासम्म कामकाज ठप्प पारे । माओवादीको गोली लागि मृत्यु भएका रमेशकुमार महतोको शहीद घोषणा गर्नुपर्ने घटनाको उच्च न्यायिक छानबिन आयोग गठन गरी सात दिन भित्र सार्वजनिक गर्नुपर्ने लगायतका माग सहित बिहान १० बजेदेखि प्रशासनको कामकाज अवरुद्ध गरेका थिए ।

त्यस्तै माओवादी र सरकारबीचको सम्झौता विरुद्ध जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा विरोधको आह्वान ।

सप्तरी सेवा आश्रमबाट निस्केको एक जुलुस बजार परिक्रमा गरी नेता चोकमा कोणसभामा परिणत । ललित कण्ठ, मधेसी युवा फ्रन्टका धर्मदेव यादव, नेविसङ्घका ध्रुवकुमार मण्डल, विद्यार्थी फ्रन्टका हुकेश्वर साह, बुलनाथ माझी, स्ववियु सचिव शम्भु यादव, जीवन यादव र चन्द्रनारायण यादवलगायतका वक्ताहरूले बोलेका थिए ।

यसैगरी मधेसी युवा विद्यार्थीहरूले खुरहुरीया चोकमा टायर बालेर सडक अवरुद्ध गरेका थिए ।

### ९ माघ, मङ्गलबार

स्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासनले मङ्गलबार राति १० बजेदेखि बिहान ४ बजेसम्म लहानमा र राति ८ बजेदेखि बिहान ६ बजेसम्म सदरमुकाम सिरहामा कर्फ्युको घोषणा गरेका थिए ।

त्यही दिन पुनः सात दलको बैठक बस्यो र आफ्नो पूर्ववत् मागहरूलाई दोहराउँदै मधेस समस्याप्रति गम्भीर भएर सोच्न सरकारसँग आग्रह गऱ्यो । त्यस्तै मानवअधिकार सङ्गठन, मानवअधिकार संरक्षण केन्द्र, दलित जनकल्याण युवा क्लब, इन्सेक, समग्र विकास सेवा केन्द्र लगायतका स्थानीय सङ्घसंस्थाहरूले एक प्रेस विज्ञप्ति जारी गर्दै शान्तिपूर्ण आन्दोलनको नाउमा सरकारी कार्यालय र भौतिक संरचनाहरूको तोडफोड र सार्वजनिक सम्पत्तिको लुटपाटबाट कसैको हित नहुने उल्लेख गर्दै यो क्रमलाई तत्काल रोकी वार्ताद्वारा समस्याको समाधान खोज्न आन्दोलनरत पक्षहरूसँग आग्रह गरिएको थियो । सदरमुकाम सिरहामा विरोध प्रदर्शन, प्रदर्शनकारीहरूद्वारा जिल्ला प्रशासन कार्यालय घेराउ तथा धर्ना ।

लहान गोलीकाण्डको विरुद्धमा राजविराजमा विरोध प्रदर्शन । मधेसी विद्यार्थी फ्रन्ट तथा नेविसङ्घद्वारा संयुक्त रूपमा आयोजित विरोध जुलुसद्वारा नगर परिक्रमापश्चात् जनआन्दोलन चोकमा कोणसभामा परिणत । सभामा विद्यार्थी फ्रन्टका रविन्द्र देव, कुशेश्वर यादव, नेपाल

विद्यार्थी मञ्चका किशोरकुमार यादव, केशी फ्रन्टका नागेन्द्र झा, विनो मण्डल, इन्द्रजीत यादव, हरेराम यादवलगायतका वक्ताहरूले आ-आफ्ना विचार व्यक्त गरेका थिए।

दलित नेटवर्क सप्तरी, नेपाल सदाय सङ्घ सप्तरी, नेपाल स्वतन्त्र दलित विद्यार्थी सङ्गठन, नेपाल दलित सुधार सङ्घ सप्तरी, डोम उत्थान समाज सप्तरीले एक प्रेस विज्ञप्ति जारी गर्दै लहान घटनाको घोर भर्त्सना एवं निन्दा गरेका थिए। साथै दोषीलाई सजाय तथा पीडितलाई क्षतिपूर्तिको माग गरेको थियो।

प्रजातान्त्रिक सेनानी सङ्घ सप्तरी जिल्ला अध्यक्ष देवनारायण यादवद्वारा अन्तरिम संविधानमा सङ्घीयताको माग।

**१० माघ, बुधबार**

स्थानीय प्रशासनले लहानमा बिहान १० बजेदेखि साँझ ६ बजेसम्म कर्फ्यु लगायो। दिनभर लहानको स्थिति सामान्य नै रह्यो। सदरमुकाम सिरहा स्थित चन्द्र माध्यमिक विद्यालय (चमावि) को प्राङ्गणबाट निस्केको जुलुस नगर परिक्रमापश्चात् सभामा परिणत भएको थियो।

नेपाल सद्भावना पार्टी (आ) का केन्द्रीय कोषाध्यक्ष दिलीप सिंह र केन्द्रीय सदस्यद्वय महेशप्रसाद यादव तथा मनिषकुमार सुमनद्वारा राजविराजमा एक प्रेस विज्ञप्ति प्रकाशित गरी पार्टी सरकारबाट हट्नु पर्ने धारणा व्यक्त।

नेसपाका संस्थापका अध्यक्ष गजेन्द्रनारायण सिंहको पाँचौं पुण्य तिथिको अवसरमा वक्ताहरूले लहान हत्याकाण्डको भर्त्सना तथा छानबिन आयोगको माग।

नेकपा (एमाले) अञ्चल कमिटिका सचिव सुमनराज प्याकुरेलले एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै संविधानमा सङ्घीयताको माग।

मधेसी आन्दोलनलाई समर्थन गर्दै मधेसी कानुन व्यावसायी समाज सप्तरीले राजविराजमा जुलुस तथा सभा। सभामा बुद्धिजीवी देवनारायण यादव, नागरिक समाजका सचिव रमेश थापा, पुनरावेदन बार एकाइका अध्यक्ष रामचन्द्र यादव, पत्रकार विष्णुकुमार मण्डल, मधेसी कानुनी व्यवसायी समाजका अध्यक्ष अशोककुमार चौधरी, श्यामनारायण साह, बालकिशोर यादव, देवनारायण यादव, गोपालप्रसाद साहले लहान घटनामा मारिएकाहरूलाई शहीद घोषाणा गर्न माग गरेका थिए।

त्यस्तै मधेसी नगर युवा कमिटिद्वारा लहान घटनाको विरोध गर्दै राजविराजको महाविर चोकमा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको पुतला दहन।

सोही दिन नेकपा (माओवादी) सप्तरीद्वारा स्थानीय नगरपालिका गेष्ट हाउसमा एक पत्रकार सम्मेलनको आयोजना गरी लहान घटनामा दरबारिया षड्यन्त्र रहेको दाबी।

**११ माघ, विहीबार**

पुनः बिहान ७ बजेदेखि बेलुका ६ बजेसम्म कर्फ्यु। सोमबारको घटनामा घाइते भई हेलिकोप्टरबाट काठमाडौं लग्दै गर्दा त्रिभुवन विमानस्थलमा मृत्यु भएका वेचन यादवलाई बुधबार राति एम्बुलेन्समा दाहसंस्कारको निम्ति गाउँ ल्याइएपछि स्थिति थप भड्किन नदिन प्रशासनले बिहानैदेखि बजारको विभिन्न भागमा व्यापक प्रहरी परिचालन गरेको थियो।

अघिल्लो दिनको तुलनामा कर्फ्यु केही कडा देखिन्थ्यो । साँझसम्म सो दिन कुनै अप्रिय घटना घटेन । मिर्चैयामा प्रदर्शनकारीहरूले कटारी चोकमा निर्मित युगकवि सिद्धिचरण श्रेष्ठको शालिक तोडफोड गरे भने केही महिनादेखि राजाको बहिनी शोभा शाहीको घरमा बसिरहेका माओवादी सेनालाई सो घर छोड्न अल्टिमेट दिए । त्यस्तै सदरमुकाम सिरहामा फोरम सम्बद्ध प्रदर्शनकारीहरूले शान्तिपूर्ण प्रदर्शन गर्दै स्थानीय क्याम्पस चोकमा कोणसभाको आयोजना गरे । सिरहा जिल्लाका दक्षिणी भेकका विभिन्न गाविसहरूबाट हजारौँ जनताको सदरमुकाममा उपस्थिति । जुलुस तथा सभाको आयोजना ।

मधेसी आन्दोलनलाई समर्थन गर्दै गणतान्त्रिक बुद्धिजीवी मोर्चाद्वारा जुलुस तथा सभाको आयोजना । मधेसी आन्दोलनको कारण यातायात बन्द भएकोले जिल्लाको टेष्ट परीक्षा स्थगित । अन्तरिम संविधान संशोधन गर्न नेसपाको अनुरोध ।

आठ विद्यार्थी सङ्गठन तथा मधेसी जनअधिकार फोरमद्वारा रूपनीमा विरोध कार्यक्रम । यसले गर्दा सयौँ बस र यात्रुहरू रूपनीमा अलपत्र परेका थिए ।

मधेसी कानुनी व्यवसायी मञ्च सप्तरीले अन्तरिम संविधान संशोधन गरी वातावरणलाई सहज पार्न अनुरोध ।

राजविराज हटियामा आन्दोलनकारीद्वारा तोडफोड ।

## १२ माघ, शुक्रबार

बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म पुनः लहानमा कर्फ्यु । सदरमुकाम सिरहामा फोरमको आयोजनामा अपराह्न ३ बजेदेखि शान्तिपूर्ण प्रदर्शन । स्थानीय चमाविबाट स्वास्थ्यकर्मी, बैंककर्मी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी, विद्यार्थीहरूको सहभागितामा निस्किएको जुलुस बजार परिक्रमा गरी पुनः चमावि प्राङ्गणमा कोणसभामा परिणत भएको थियो । प्रदर्शनमा प्रहरी दमन बन्द गर, माओवादी ज्यादती बन्द गरलगायतका नाराहरू लागेका थिए । सभामा फोरमका जिल्ला अध्यक्ष किशोरी यादव, देवीलाल सदा, धनिकलाल यादव, इन्द्रदेव नारायण यादव, सत्यनारायण साह, जगत पासवान, देवकीदेवी दास तथा नेका (प्र) का जिल्ला अध्यक्ष रामकुमार यादवले सम्बोधन गरेका थिए ।

लहानमा मानवअधिकार संरक्षण केन्द्र, समग्र जन उत्थान केन्द्र, सामुदायिक वनउपभोक्ता महासङ्घ, प्रगतिशील बुद्धिजीवी सङ्गठन नेपाल, नेपाल बुद्धिजीवी परिषद्, मुस्लिम जागरण मञ्च, नेपाल शिक्षक युनियनलगायतका पेशागत सङ्घसंस्थाहरूले एक संयुक्त प्रेस विज्ञप्तिमार्फत अन्तरिम व्यवस्थापिकाद्वारा गणतन्त्रको घोषणा गर्दै शक्ति पृथकीकरणको सिद्धान्तअनुसार सङ्घीय राज्य प्रणाली अवलम्बन गर्दै संविधानसभाको निर्वाचनबाट सबै समस्याको छिनोफानो गर्न माग गरेका थिए ।

सिरहा सदरमुकाममा विराटनगरस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्त कार्यालयका प्रतिनिधि सोनिया तथा शुशीलराजको आन्दोलनकारी लगायतका व्यक्तिहरूसँग भेटघाट तथा परिस्थितिको जायजा ।

मधेसमा जारी आन्दोलनप्रति ऐक्यबद्धता जनाउन सप्तरीका विभिन्न गाउँहरूबाट हजारौँ हजार सङ्ख्यामा व्यक्तिहरूको राजविराज आगमनको सुरुआत । जनताद्वारा नगरपरिक्रमा र आम सभाको आयोजना । इटहरी विष्णुपुर छिन्नमस्तामा सभाको आयोजना ।

मधेस आन्दोलनलाई उचाईमा पुऱ्याउन पत्रकारहरूको जुलुस प्रदर्शन। सप्तरीस्थित नेपाल पत्रकार महासङ्घका सभापति शम्भु झा, भू.पू. सभापति मुरलीप्रसाद यादव, प्रेस चौतारीका अध्यक्ष सुरेशप्रसाद आचार्य, खेलकुद पत्रकार मञ्चका मनोजकुमार माझी, क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरका अध्यक्ष शिवहरि भट्टराई, मेची महाकाली मिडिया सोसाइटीका केन्द्रीय सदस्य वैद्यनाथ झा तथा प्रेस युनियनका सप्तरी सभापति व्यासशंकर उपाध्यायद्वारा एक प्रेस विज्ञप्ति जारी गरी मधेसीहरूको जायज मागलाई सम्बोधन गर्न सरकारसँग अपील।

मधेसी स्वतन्त्र युवा समूह मलेठद्वारा राजविराजमा लाठी जुलुस प्रदर्शन। जुलुस सभामा परिणत भएपछि धीरेन्द्र वर्मा 'धिरु', निरजि वर्मा, पवन दास, राजीव वर्मा, संजय वर्मा तथा चन्द्र वर्मा लगायतका व्यक्तिहरूद्वारा मधेसी आन्दोलनप्रति ऐक्यबद्धता भाषण।

दलित जनजाति पार्टीद्वारा मधेस आन्दोलनको समर्थनमा राजविराजमा प्रदर्शन तथा सभा। सभालाई सो पार्टीका सप्तरी अध्यक्ष राजकिशोर खङ्ग, केन्द्रीय सदस्य रुन्दी राम, कन्तलाल रिसीदेव, विश्वनाथ मण्डल तथा आर.डी. आजादलगायतका वक्ताहरूले सम्बोधन गरेका थिए।

त्यस्तै स्वास्थ्यकर्मीहरूको नेपाल स्वास्थ्य प्राविधिक सङ्घ तथा नेपाल स्वास्थ्यकर्मी सङ्घ सप्तरीले पनि मधेसी आन्दोलनप्रति समर्थन जनाउँदै राजविराजमा जुलुस तथा सभाको आयोजना।

रूपनी बजारमा आन्दोलनकारीहरूले स्तम्भमा रहेको श्रीपेच भत्काए भने अन्य स्थानहरूमा सरकार प्रमुख र पार्टी प्रमुखहरूको पुतला जलाइएको थियो। रूपनीमा साँझ मसाल जुलुस। छिनमस्ता गाविसमा प्रधानमन्त्री, गृहमन्त्री, माओवादी अध्यक्ष प्रचण्ड तथा केन्द्रीय सदस्य मातृका यादवको पुतला दहन।

हनुमाननगरमा विरोध प्रदर्शन तथा सभा। अनेरास्ववियु सप्तरी सचिव देवनारायण प्रमाणीद्वारा प्रेस विज्ञप्ति, विज्ञप्तिमा जनभावना बुझ्न नसकेको आरोप।

नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन मविवि क्याम्पस इकाई समिति तथा राजविराज जेसीजद्वारा आन्दोलनप्रति ऐक्यबद्धता जनाएको।

## १३ माघ, शनिबार

पुनः स्थानीय प्रशासनद्वारा लहानमा मध्याह्न १२ बजेदेखि अपराह्न ४ बजेसम्म कर्फ्यु। सदरमुकाम सिरहामा विशाल प्रदर्शन। चमाविबाट निस्केको जुलुस बजार परिक्रमा गरी पुनः विद्यार्थी प्राङ्गणमा आम सभामा परिणत। विभिन्न वक्ताहरूद्वारा मधेसको माग तुरुन्त पूरा गर्न सरकारसँग आग्रह।

मविवि क्याम्पस, नेपाल शिक्षक युनियन, मैथिली साहित्य परिषद् निर्माण व्यवसायी सङ्घ, सेभ द सप्तरी, महिला विकास क्लब, सवल नेपाल, इकाई क्लब सिनापुर, सेभ द नेपाल गरी एक दर्जनभन्दा बढी सङ्घसंस्थाद्वारा आन्दोलनको समर्थन। प्रहरी बिटमाथि आक्रमण, मधेसी राष्ट्रिय मुक्ति मोर्चाद्वारा प्रतिगमनकारीबाट सचेत रहन आह्वान।

## १४ माघ, आइतबार

सिरहा तथा लहानमा विशाल विरोध प्रदर्शन। गाउँ गाउँबाट आएका मधेसी जनताको अपूर्व एकताको लहर।

मैथिल महिला परिषद सप्तरीद्वारा शनिबार राजविराजमा भव्य प्रदर्शन। फोरमका कार्यकर्ताद्वारा राजविराजस्थित त्रिभुवन तथा महेन्द्रको शालिक तोडफोड।

**१५ माघ, सोमबार**

सिरहा तथा लहानमा विशाल विरोध प्रदर्शन, क्रान्तिकारी मधेसी मोर्चा, नेपालद्वारा सङ्घीय स्वायत्त शासनको माग गर्दै सिरहामा व्यापक पर्चा वितरण।

राजविराजस्थित जनमोर्चा नेपालको कार्यालयमा जिल्लाका आठ दलका शीर्ष नेताहरूको बैठक। सङ्घीय आधारमा राज्यको संरचना तथा जनसङ्ख्याको आधारमा समानुपातिक निर्वाचन प्रणाली जस्ता निर्णय सो बैठकमा लिइएको थियो। बैठकमा जिल्लाका नेका सभापति रामकुमार चौधरी, एमाले सचिव दिवाकर देवकोटा, माओवादी इन्चार्ज दिलीप साह, नेसपा (आ) अध्यक्ष धर्मनारायण राय तथा नेका (प्र) प्रतिनिधि विरवल विराजी, जनमोर्चाका प्रतिनिधि प्रथमलाल राम, संयुक्त वाममोर्चाका केदार देव, नेमकिपाका अध्यक्ष दिगम्बर यादव तथा वाममोर्चाका चित्रनारायण यादवको उपस्थिति थियो।

नेपाल शिक्षक युनियनद्वारा मधेसी आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै विरोध प्रदर्शन।

त्यस्तै नेसपा (आ) क्षेत्र नं. २ तथा नेपाल युवा मञ्चद्वारा मधेसी आन्दोलनलाई अझ सशक्त बनाउन विरोध प्रदर्शन।

प्रदर्शनको क्रममा घाइते भएकाहरूलाई सहयोग गर्न राहत रकम कोषमा जम्मा।

तराई जनक्रान्ति मोर्चाको उदय भएको घोषणा। मधेस आन्दोलनको समर्थनमा हनुमाननगर, कल्याणपुर र कञ्चनपुरमा जुलुस तथा सभा। त्यस्तै सप्तरी संसदीय क्षेत्र नं. ४ मधेसी आन्दोलन सङ्घर्ष समितिको गठन। मधेसी आन्दोलनलाई कैदी बन्दी सङ्घर्ष समितिद्वारा ऐक्यबद्धता। नेसपा (आ) का केन्द्रीय सदस्य खुशीलाल मण्डलद्वारा सरकारसँग समस्या समाधान गर्न माग। मलेकपुर चोकमा रहेको रुखमा गृहमन्त्रीको फाँसी तथा प्रचण्डको पुतला दहन।

**१६ माघ, मङ्गलबार**

सदरमुकाम सिरहामा चारैतर्फबाट आएका करिब ५० हजारको जुलुस तथा आम सभा। त्यस अवसरमा गधा जुलुस प्रदर्शन गरिएको थियो।

आठ दलको सभा तथा जुलुस सम्पन्न। सभामा एमाले जिल्ला सचिव दिवाकरण देवकोटा बोल्न लाग्दा केही व्यक्तिहरूद्वारा माइक खोस्ने प्रयासपश्चात् एमाले कार्यकर्ताहरूबीच झडप। केहीवेर भागाभाग।

देवकोटा उपर आक्रमणको प्रयासको मधेसी फोरमलगायत विभिन्न सङ्घसंस्थाहरूद्वारा भर्त्सना।

मधेसी मुक्ति आन्दोलनलाई समर्थन गर्दै करिब एक दर्जन अन्तरजातीय तथा धार्मिक संस्थाहरूद्वारा ऐक्यबद्धता जनाउ। यादव सेवा समिति, राजघोव उत्थान संगम, तेली कल्याण समाज, नेपाल अमात्य कल्याण समिति, नेपाल कुशवाहा सङ्घ, दास सेवा समिति, रौनियार समाज कल्याण सेवा समिति बलराम सेवा समिति, बागेश्वरी सेवा समिति, चित्रगुप्त सेवा समिति रहेका छन्।

सडक दूर्घटनामा सप्तरी इनरुवा निवासी भगवती प्र. मण्डलको मृत्यु भएको तर आन्दोलनको क्रममा गाडी बन्द भएको बेला रोक्न खोज्दा मृत्यु भएकोले शहीद घोषणाको माग ।

आन्दोलनमा प्राध्यापकहरूको ऐक्यबद्धता जनाउनका लागि भव्य जुलुस तथा सभाको प्रदर्शन ।

पोखरेल टोललाई सर्वोदय टोलमा परिवर्तन । नेपाल चिकित्सक सङ्घ, मोडल क्याम्पस, जिविस कर्मचारी सङ्घ, युवा विकास नेपाल, ब्राह्मण सेवा समाज, मधेस जनजागरण समिति, तराई मिडिया मिसन जस्ता संस्थाहरूद्वारा मधेस आन्दोलनप्रति ऐक्यबद्धता ।

रेडक्रसद्वारा अलपत्र यात्रुहरूलाई कठौना र कञ्चनपुरमा खाजा वितरण । प्रजातन्त्रवादी प्राध्यापक सङ्घद्वारा मधेसको जायज मागलाई तुरुन्त सम्बोधन गर्न सरकारसँग आग्रह ।

**१७ माघ, बुधबार**

सदरमुकाम सिरहामा जिल्लाकै पहिलो महिला जुलुस । क्रान्तिकारी मधेसी मोर्चा नेपालको सक्रियतामा सिरहा नगरपालिका वडा नं. ६ बसबिट्टा तथा सनहैठा गाविसका महिलाहरूको एक भव्य जुलुसले नगर परिक्रमा गरेको थियो । श्रीमती तारकेश्वरी देवी यादव (बसबिट्टा) तथा श्रीमती कान्ता झा (सनहैठा) ले संयुक्त रूपमा नेतृत्व गरेको उक्त जुलुस चमावि आयोजित भव्य सभामा सामेल भएको थियो । सो सभालाई श्रीमती कान्ता झा तथा रिना पासवानलगायतका वक्ताहरूले सम्बोधन गरेका थिए । सोही दिन फोरमद्वारा भैंसी जुलुस प्रदर्शन ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेसी जनताको नाममा सम्बोधन । सम्बोधनबाट मधेस आक्रोशित, विरोध प्रदर्शन जारी राख्ने सप्तरीवासीको आह्वान । नेका सप्तरीका सभापति रामकुमार चौधरीद्वारा स्वागत तर मधेसी जनअधिकार फोरमलगायत अन्य सङ्घसंस्थाहरूद्वारा चर्को विरोध ।

गैरसरकारी सङ्घहरूको पनि आन्दोलनप्रति ऐक्यबद्धता । उद्योग वाणिज्य सङ्घको राजविराजमा जुलुस तथा सभा ।

जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंह समूहद्वारा छिनमस्ता गाविसमा प्रधानमन्त्रीको सम्बोधन विरुद्ध मसाल जुलुस तथा हवाई फायर ।

राजविराजमा महिला जुलुस । राप्रपा सप्तरीद्वारा प्रधानमन्त्रीको सम्बोधनप्रति खेद व्यक्त । राजविराज नगरपालिका वडा नं. ५ लाई मदन नगरबाट मिलन नगरमा परिणत । एमाले सप्तरी काठमाडौँ सम्पर्क समितिले मधेस आन्दोलनलाई समर्थन, मधेसी आन्दोलन सहयोग समिति गठन । गाउँ गाउँबाट साइकल जुलुस राजविराजमा ओइरो ।

**१८ माघ, विहीबार**

सिरहा सदरमुकाम सिरहामा महिला तथा पुरुषद्वारा झाडु जुलुसको प्रदर्शन । क्रान्तिकारी मधेसी मोर्चा सिरहा जिल्ला समितिद्वारा सुखीपुर गाविसमा विशाल जुलुस तथा आम सभाको आयोजना मोर्चाका केन्द्रीय अध्यक्ष रामरिझन यादवले सो सभामा प्रम गिरिजाप्रसाद

कोइरालाको सम्बोधन अधुरो रहेको टिप्पणी गरेका थिए। धनगढी गाविसको जिरोमाइलमा पनि अध्यक्ष यादवद्वारा कोणसभालाई सम्बोधन।

महिलाहरूको तरकारी जुलुस। अन्तरजातीय सङ्घसंस्थाहरूको आह्वानमा सो जुलुसको आयोजना। स्थानीय महेन्द्र बिन्देश्वर बहुमुखी क्याम्पसको प्लेटबाट महेन्द्र शब्द हटाएर क्याम्पसको नयाँ नामाकरण। प्रधानमन्त्रीको सम्बोधनलाई विरोध गर्दै नेसपा (आ) द्वारा जुलुस आमसभा।

नेसपा (माओवादी) सम्बद्ध मधेसी राष्ट्रिय मुक्ति मोर्चा सप्तरीद्वारा प्रधानमन्त्रीको सम्बोधनको विरोधमा जुलुस प्रदर्शन।

मधेसी आन्दोलनलाई माओवादीको समर्थन। लहान काण्डमा माओवादीको आत्मालोचना।

गाउँ गाउँबाट प्रधानमन्त्रीको सम्बोधन विरुद्धमा सप्तरीवासीको राजविराजमा ओइरो।

मधेसी जनअधिकार संयुक्त मोर्चाको गठन। मोरङ्को सलकपुरबाट महोत्तरीको गौशालाका लागि हिँडेका १६ जना यात्रीलाई राजविराजवासीद्वारा स्वागत। कल्याणपुर गाविसको विसनपुर बजारद्वारा राहत कोषमा रकम जम्मा। सेतु सामुदायिक विकास तथा मानवअधिकार मञ्चद्वारा मधेस आन्दोलनको समर्थन।

## १९ माघ, शुक्रबार

सिरहा सदरमुकाममा लाठी जुलुस। जिल्लाको आयोध्यानगर गाविसको कसहा चोकमा जनमोर्चा नेपाल गाउँ कमिटिद्वारा आयोजना भएको कोणसभामा क्रान्तिकारी मधेसी मोर्चा नेपालका अध्यक्ष रामरिझन यादवले सो कोणसभामा प्रम कोइरालाद्वारा मधेसी जनतालाई ठग्ने प्रयास गरेको आरोप लगाउनु भयो।

पत्रकारहरूद्वारा हातमा कालोपट्टि बाँधी कालो दिवस मनाएको।

इटहरी विष्णुपुरबाट आएका दलित जनजाति पार्टीका कार्यकर्ताहरूले राजविराजमा हलो कोदालो जुलुस प्रदर्शन।

आन्दोलनकारीहरूद्वारा सप्तरीका सम्पूर्ण कार्यालयहरूमा तालाबन्दी। कर्मचारीहरूले आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै आफ्नै कार्यालय जिल्ला खेलकुद विकास समितिमा अनिश्चितकालीन तालाबन्दी। राजविराज नगरपालिका र जिल्ला विकास समितिका सयभन्दा बढी कर्मचारीहरूले आन्दोलनको पक्षमा नारावाजी गर्दै नगर परिक्रमा गरेका थिए। त्यसै दिन मधेसी शिक्षक फोरमको गठन।

जनआन्दोलन चोकमा रक्तदान कार्यक्रम। भारदहमा विशाल जनप्रदर्शन। मधवापुर युवा सङ्घर्ष समितिद्वारा भारदह, पोर्ताहा, मधवापुरमा नारा जुलुस लगाउँदै कंकालनी मन्दिर परिसरमा आम सभामा परिणत।

खत्वे समाज कल्याण सङ्घ, दलित उत्थान मञ्च, डिक्का महासङ्घ, स्वच्छता र पारदर्शी अभियानले पनि मधेसी आन्दोलनप्रति ऐक्यबद्धता जाहेर।

## २० माघ, शनिबार

सिरहामा फोरमद्वारा महिला जुलुस। औरहीमा विशाल आम सभा जसलाई क्रान्तिकारी मधेसी मोर्चाका अध्यक्ष रामरिझन यादव, जिल्ला नेता भोला यादव, प्राध्यापक मुनेश्वर यादवलगायतका वक्ताहरूद्वारा सम्बोधन।

माछा र तरकारी सहितको महिला जुलुस प्रदर्शन। सांसद रामकुमार चौधरीद्वारा गृहमन्त्रीको राजीनामा माग।

मधेसी जनअधिकार फोरमको नेतृत्वमा बुद्धिजीवी फोरम, महिला फोरम, महिला परिषद् र विद्यार्थी फ्रन्ट सप्तरीले संयुक्त रूपमा विरोध प्रदर्शन।

वरही विरपुर गाविसका युवाहरूले नाटकको अभिनय सहित जुलुस प्रदर्शन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह) द्वारा पथ्थरगाढा प्रहरी चौकीमा आक्रमण। मधेसी विद्यार्थी फ्रन्टद्वारा मसाल जुलुस। मैथिली लेखन सङ्घर्ष समिति गठन। अलपत्र परेका यात्रीहरूलाई विसनपुरमा खाजा। भारदहमा संयुक्त सङ्घर्ष समिति गठन। दलित समाजद्वारा ऐक्यबद्धता। ब्राह्मण सेवा समाजद्वारा जुलुस प्रदर्शन। फर्सेठ तथा हरिरवाका युवाहरूको जुलुस।

**२१ माघ, आइतबार**

सिरहामा विशाल आम सभा।

सप्तरीको फकिरा, सिम्राहा, सिग्यौन, इटहरी विष्णुपुर, नर्घो, कोचवाखारी, बोरिया, बरही विरपुर, बेल्ही चपेना तथा वनिनिया गाविसका वासिन्दाहरूद्वारा गठन मधेसी जनजागरण सङ्घर्ष समितिले नौलो शैलीमा प्रदर्शन गर्दै राजविराज नगरको परिक्रमा।

सप्तरीको प्रायः सबै कार्यालयहरूमा नेपाल सरकारको ठाउँमा मधेस सरकार पोतिएको छ। नेपाली काँग्रेस सम्बद्ध युवाहरूद्वारा गृहमन्त्रीको राजीनामाको माग। पुनरावेदन बार एकाईद्वारा बार भवनमा वर्तमान मधेस सन्दर्भमा राजनीतिक दलहरूको दृष्टिकोण विषयक विचार गोष्ठी सम्पन्न। नेपाल पत्रकार महासङ्घ सप्तरीद्वारा आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दै जुलुस प्रदर्शन।

राजविराजमा मधेसी राष्ट्रिय मुक्ति मोर्चाको जुलुस तथा सभा, राजविराज युवा समूहद्वारा आन्दोलनकारीहरूलाई शर्वत पानी वितरण। भारदहमा विशाल प्रदर्शन एवं सभा। नर्घो र इटहरी विसनपुरका युवाहरूद्वारा राजविराजमा मसाल जुलुस प्रदर्शन। मधेसी आन्दोलनप्रति गरिएको दुष्प्रचारलाई विरोध गर्दै आन्दोलन सहयोग समितिद्वारा सचेत रहन आह्वान। आठ विद्यार्थी सङ्गठनहरूको जुलुस तथा सभा।

**२२ माघ, सोमबार**

सिरहा सदरमुकाममा विशाल र्‍याली तथा आम सभा। तर नेकपा (एमाले) का विधायिका पारोदेवी यादवले आफ्नो पार्टीको झण्डा सहित जुलुसमा सहभागी हुन चमाविको प्राङ्गणमा आउँदा फोरमले आफ्नो झण्डाबाहेक अर्को झण्डा बोक्न नदिएको एमालेको गुनासो।

छिन्नमस्त ईलाका प्रहरी कार्यालयमा आगजनी। पत्रकारहरू पनि आन्दोलनमा, कञ्चनपुरमा आन्दोलनकारी, शिक्षक र पत्रकारहरूद्वारा प्रदर्शन, नेपाली काँग्रेसका सातजना स्थानीय नेता कार्यकर्ताहरूद्वारा गृहमन्त्रीको राजीनामाको माग, नेसपा (आ) का केन्द्रीय सदस्य मनिषकुमार सुमनद्वारा घुसपैठिया तत्त्वहरूबाट सावधान रहन आह्वान।

**२३ माघ, मङ्गलबार**

सदरमुकाम सिरहामा जनमोर्चा नेपाल तथा क्रान्तिकारी मधेसी मोर्चा नेपाल, नेपाल आदिवासी सङ्गठनद्वारा सिरहामा विशाल तथा भव्य जुलुस। र्‍यालीपश्चात् चमाविमा आयोजित मधेसी सभामा सामेल। रामरिझन यादव तथा हरिनारायण चौधरीद्वारा सम्बोधन। पेशागत सङ्घसङ्गठन (पापड) को विरोध सभा। माडरबाट निस्केको मोटर साइकल तथा जीपहरूको जुलुस राजमार्ग पुगी पुनः चमाविको प्राङ्गणमा मधेसी सभामा सामेल।

मैथिली साहित्य परिषद्, मैथिली सांस्कृतिक परिषद् मलेकपुर, मैथिल युवा परिषद् तथा मैथिल महिला परिषद्लगायतले संयुक्त रूपमा विरोध प्रदर्शन गर्दै मधेसीहरूको जायज मागहरूलाई उचितपूर्वक सम्बोधन नगरे अहिलेको भन्दा कडा आन्दोलन गर्ने चेतावनी।

नेसपा (आ) क्षेत्र नं. २ द्वारा विरोध प्रदर्शन तथा सभा। मेस्तर समाजद्वारा झाडु सहित प्रधानमन्त्रीको पुत्ला प्रदर्शन। साह समाजले एक जुलुसको आयोजना गरी नगर परिक्रमा गरेको थियो। युवाहरूद्वारा दिउँसै मसाल जुलुस। मधेसी जनअधिकार फोरमले बनिनिया गाविस स्थित झहुरा चोकमा विशाल प्रदर्शन। मघैया मण्डल समाजद्वारा जुलुस तथा सभा। टेम्पो व्यवसायीहरूद्वारा एक हजार एक सय रुपियाँ 'आन्दोलन राहत कोष' मा जम्मा। राजपूत समाजको जुलुस तथा सभा। भुजेल समाज सेवा समितिका केन्द्रीय सहस्य महेश कुमार भुजेल र ध्रुवकुमार भुजेलद्वारा आन्दोलनप्रति ऐक्यबद्धता। थारु कल्याणकारी सभाले आफ्नो माग पूरा नगरे माघ २५ गते तराई बन्द गर्ने घोषणा।

**२४ माघ, बुधबार**

सदरमुकाम सिरहामा जुलुस प्रदर्शन तथा आम सभा। प्रम कोइरालाको दोस्रो सम्बोधन।

मधेसी राष्ट्रिय मुक्ति मोर्चा सप्तरीद्वारा अर्द्धनग्न जुलुस प्रदर्शन। रूपनीमा प्रधानमन्त्री, माओवादी अध्यक्ष, एमाले महासचिव, गृहमन्त्री र सेनाको पश्चिम पृतनापतिको पुतला दहन। देव समुदायद्वारा राजविराजमा मसाल जुलुस साथै दिउँसो आम सभाको आयोजना। बेल्ही चपेना बनिनिया, नर्घो, गम्हरिया प्रवाहा, झुटकी गाविसहरूमा जुलुस तथा सभा प्रदर्शन।

नेपाल मधेस विकास परिषद्द्वारा १० बुँदे माग सरकार समक्ष प्रस्तुत। जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीद्वारा राहत कोषमा दुई हजार रकम प्रदान।

**२५ माघ, विहीबार**

प्रम गिरिजाप्रसाद कोइरालाको दोस्रो सम्बोधनलाई नेपाली काँग्रेस सप्तरीद्वारा स्वागत गरे पनि जनतान्त्रिक तराई मुक्ति मोर्चाले पुरानो शिशिमा नयाँ लेवलको संज्ञा दिएका छन्।

आठ दलको बैठकले मधेस आन्दोलनको क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गर्न माग। मधेसी राष्ट्रिय मुक्ति मोर्चा सप्तरीद्वारा प्रम सम्बोधनलाई आलोचनात्मक समर्थन।

थारू कल्याणकारी सभाले आयोजना गरेको बन्दको सप्तरीमा आंशिक प्रभाव। जनआन्दोलन चोकमा मधेसी समुदायद्वारा सभा। प्रधानमन्त्रीलाई धन्यवाद। भारदहमा मौन जुलुस।

**माघ २६ गते शुक्रबार**

संविधान सभा सफलता सरोकार समूहद्वारा प्रम कोइरालाको सम्बोधनको स्वागत। मधेस विकास परिषद्द्वारा खेद व्यक्त। स्वच्छता तथा पारदर्शिता अभियानद्वारा प्रमको सम्बोधन शब्द जाल रहेको ठहर। मधेसी राष्ट्रिय मुक्ति मोर्चाद्वारा सभा।